कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम कामकारोवार गर्न इजाजतपत्रप्राप्त

# स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेड

Swadeshi Laghubitta Bittiya Sanstha Limited

सजिलो लघु-बैंकिङ्ग ...

**(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)**

ईटहरी - ८, धरान विराटनगर रोड, सुनसरी फोन नं. ०२५-५८७६२०
फ्याक्सः ०२५-५८७६१९, इमेल:info@swadeshibank.com
वेवसाइट: www.swadeshibank.com

**को**

# विवरण-पत्र

(धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन,२०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

वित्तीय संस्थाको जारी पूँजी रू. १० करोडको ३० प्रतिशतले हुन आउने रू.३,००,००,०००/- रकम बराबर प्रति शेयर रू.१००।- अङ्कित दरका ३,००,००० कित्ता शेयरमध्ये १२,००० कित्ता शेयर (४ प्रतिशत) कर्मचारीहरूलाई सुरक्षित गरिएको, र १५,००० कित्ता शेयर (५ प्रतिशत) सामूहिक लगानी कोषको लागि बाँडफाँड गरी बाँकी रहने २,७३,००० कित्ता साधारण शेयरहरूको सार्वजनिक निष्काशन ।

**दरखास्तसाथ प्रति शेयर रु.१००/- को दरले (शतप्रतिशत) भुक्तानी माग गरिएको ।**

## लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्यांकन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको दफा ८ मा उल्लेखित जोखिमहरू समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

## नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण:

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनका लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी कानून बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृति प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्रमा स्वीकृति प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्काशनकर्ता वा आयोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

| | |
|---|---|
| नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति | २०७३/१२/०६ |
| कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति | २०७३/१२/१५ |
| निष्काशन खुल्ला हुने मिति | २०७३/१२/२५ |
| निष्काशन बन्द हुने मिति (छिटोमा) | २०७३/१२/२९ (बैंकिङ्ग समय पश्चात्) |
| निष्काशन बन्द हुने मिति (अन्तिम) | २०७४/०१/०८ (बैंकिङ्ग समय पश्चात्) |

**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक :**

NMB CAPITAL LIMITED

**एनएमबि क्यापिटल लिमिटेड**
नागपोखरी, काठमाडौं
फोन नं.: ४४३७९६३, फ्याक्स: ४४३७९६०
इमेल: info@nmbcl.com.np, वेब:www.nmbcapital.com.np

## १ विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :

क) "विवरणपत्र" भन्नाले सार्वजनिक रूपमा शेयर निष्काशन गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत तयार पारी प्रकाशित निष्काशन कम्पनीको सन्दर्भमा लगानीकर्ताहरूलाई जानकारी दिनको लागि तयार गरिएको प्रस्तुत पुस्तिकालाई सम्झनु पर्दछ ।

ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक" भन्नाले एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंलाई सम्झनु पर्दछ ।

ग) "लघुवित्त वित्तीय संस्था" भन्नाले निष्काशनकर्ता कम्पनी स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेडलाई सम्झनु पर्दछ ।

घ) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्थाहरूलाई सम्झनु पर्दछ ।

ङ) "निष्काशन बैंक" भन्नाले सार्वजनिक निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको वाणिज्य बैंकहरूलाई सम्झनु पर्दछ ।

च) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंकलाई सम्झनु पर्दछ ।

छ) "संस्थापक, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापन" भन्नाले स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापक, सञ्चालक, कार्यकारी प्रमुख तथा व्यवस्थापनलाई सम्झनु पर्दछ ।

ज) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्दछ ।

## २ विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :

| सि.नं. | कम्पनीको नाम, ठेगाना |
|---|---|
| १. | एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं । |
| २. | एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौं तथा शाखा कार्यालयहरू<br>**उपत्यकाभित्र** :<br>सुर्यविनायक, भक्तपुर : तीनकुने, सितापाइला, काठमाण्डौ : थैव, ललितपुर ।<br>**उपत्यकाबाहिर** :<br>तीनदोबाटो, बनेपा : गोल्छाचोक, विराटनगर : आर्दश नगर, विरगन्ज : अनारमनी, विर्तामोड : ट्राफिक चोक, बुटवल : नयाँ बजार, दैलेख : बसपार्क रोड, धनगढी : महेन्द्रपथ, धरान : भानुचोक, जनकपुर : नारायणगढ, चितवन : सुर्खेत रोड, नेपालगन्ज : न्यूरोड, पोखरा : लम्की, कैलाली : उर्लाबारी चोक, उर्लाबारी : सल्लेरी, सोलुखुम्बु : धुन्चे, रसुवा : ईटहरी, सुनसरी । |
| ३. | स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेड, केन्द्रिय कार्यालय, ईटहरी-८, सुनसरी । |
| ४. | आस्वा **(ASBA)** सदस्य बैंक तथा वित्तीय संस्थाहरू र तिनका शाखा कार्यालयहरू |

उपरोक्त स्थानहरूको अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकद्वारा अन्य माध्यममार्फत सूचित गरिने सङ्कलन केन्द्रको रूपमा कार्य गर्ने गरी नियुक्त संस्थाहरूमा आवेदन फाराम तथा विवरणपत्र प्राप्त गर्न र हेर्न सकिने, आवेदन फारमसाथ शेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ ।

सार्वजनिक निष्काशनको क्रममा संकलन केन्द्र नभएका जिल्लाहरूबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरूले दरखास्त दिन चाहेमा शेयर निष्काशन बन्द हुनु अघिको मितिसम्ममा एनएमबि क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्ट पेयी (A/C Payee) ड्राफ्टसाथ शेयरको दरखास्त फारम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, नक्साल, काठमाडौंमा पठाएको निवेदनहरूलाई मात्र बाँडफाँडमा समावेश गर्ने व्यवस्था रहेको छ । साधारण शेयर बिक्री बन्द भएको १५ दिन पछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिनेछैन ।

दरखास्त फारम प्राप्त गर्नका लागि प्रति दरखास्त फाराम रू.२/- (दुई रूपैया) शुल्क बुझाउनु पर्नेछ ।

## १. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/सञ्चालकहरूले उपलब्ध गराएको विवरण तथा जानकारीहरूको आधारमा यस लघुवित्त वित्तीय संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरू र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरूलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा धितोपत्र सम्बन्धी ऐन र नियमावली अनुरूपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

## २ संगठित संस्थाको उद्घोषण :

### क) सञ्चालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरूका साथै निष्काशन तथा बिक्री प्रवन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरूको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरूको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी सञ्चालकहरू व्यक्तिगत वा सामूहिक रूपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरूको सम्बन्धमा आवश्यक जानकारी लिई हामी यो उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरू सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरूलाई लगानी सम्बन्धी सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाएका छैनौं ।

### ख) संगठित संस्थाको जवाफदेहीता सम्बन्धी उद्घोषण :

यस वित्तीय संस्थाले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरण बाहेक वित्तीय संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहिता लघुवित्त वित्तीय संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सोको जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

### ग) नियमन निकायको नियमन व्यवस्थाको पालना सम्बन्धी उद्घोषण :

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरूको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सोमा उल्लेखित सम्झौता वा अन्य विवरणहरू नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा पेश गरेका छौं ।

### घ) संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :

(क) यस लघुवित्त वित्तीय संस्थाको संस्थापक, सञ्चालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

(ख) यस लघुवित्त वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।

(ग) सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी बेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरूको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(घ) धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश वर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख यस लघुवित्त वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख छैनन् ।

(ङ) यस लघुवित्त वित्तीय संस्थाको सञ्चालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम सञ्चालक वा कार्यकारी प्रमुख हुन अयोग्य रहेका छैनन् ।

## ३ संगठित संस्था सम्बन्धी जानकारी :

### क) संगठित संस्थाको पृष्ठभूमि :

**(क) संस्थाको नाम** : स्वदेशी लघुवित्त वित्तीय संस्था लिमिटेड **(Swadeshi Laghubitta Bittiya Sanstha Limited)**

**(ख) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा** :

यस लघुवित्त वित्तीय संस्था कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७१/०६/२७ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रूपमा दर्ता भएको हो । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अनुसार मिति २०७१/०९/०९ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरी राष्ट्रिय स्तरको (नेपाल राज्यभर) कार्य क्षेत्र भएको "घ" वर्गको वित्तीय संस्थाको हैसियतले मिति २०७१/०९/१६ गतेदेखि बैंकिङ्ग कारोवार सञ्चालन गर्दै आएको छ ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना** :

यस लघुवित्त वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय सुनसरी जिल्ला, ईटहरी न. पा. वडा नं. ८, ईटहरीमा रहेको छ ।

**(घ) कारोवार गर्ने मुख्य स्थान** :

यस लघुवित्त वित्तीय संस्थाको कारोवार स्थान नेपाल राज्यभर रहेको छ र आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई यस लघुवित्त वित्तीय संस्थाले आफ्नो कार्यक्षेत्र भित्रमा शाखा, उपशाखा वा अन्य कार्यालय खोली कारोवार गर्न सक्नेछ ।

**ङ) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु** :

यस लघुवित्त वित्तीय संस्था २०७१/०६/२७ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भएको हो । यस लघुवित्त वित्तीय संस्थाले मिति २०७१/०९/०९ गते वित्तीय संस्थाको रुपमा वित्तीय कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त गरी मिति २०७१/०९/१६ गतेका दिनदेखि औपचारिक रूपले कारोवार शुभारम्भ भएको यस लघुवित्त वित्तीय संस्थाका कार्य क्षेत्र नेपाल राज्यभर रहेको छ । यस लघुवित्त वित्तीय संस्थाका संस्थापक तथा सञ्चालकहरूमा वित्तीय क्षेत्र, सरकारी, गैर सरकारी, शैक्षिक क्षेत्र, कृषि, उद्योग तथा व्यापार क्षेत्र एवम् व्यवस्थापनमा लामो समयदेखि कार्यरत अनुभवी प्रतिष्ठित व्यक्तिहरू रहनु भएको छ ।

लघुवित्त वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी कानून तथा अन्य प्रचलित कानूनको अधीनमा रही वित्तीय कारोवार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेको छ :-

(क) लघुवित्त वित्तीय संस्थाको निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ प्रतिशपर्धाबाट विपन्न वर्गका जनसमुदायलाई गुणस्तरीय तथा भरपर्दो लघुवित्त सम्बन्धी मध्यस्थता सेवा उपलब्ध गराउने ।

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायीक रूपले संभाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई लघु कर्जा सुलभ गराउने ।

(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रूपमा परिचालन गरी ग्रामीण क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रवर्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरीबि न्यूनीकरण लागि सक्रिय रूपमा संलग्न भई सहयोग पुऱ्याउने ।

(घ) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मद्दत पुऱ्याउने र देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने ।

(ङ) देशको समग्र वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने, र

(च) ग्रामीण क्षेत्रका विपन्न वर्ग विशेषगरी महिला तथा बेरोजगार युवाहरूलाई लघुकर्जा तालिम तथा जनचेतनाको माध्यमबाट उनीहरूको रोजगारी र आर्थिक एवम् सामाजिक अवस्थामा सुधार ल्याउन सहयोग पुऱ्याउने ।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा)** : सो नभएको ।

**(छ) अन्य विवरणहरु:**

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु**

लघुवित्त वित्तीय संस्थाले प्रदान गर्ने मुख्य सेवाहरूमा ग्राहक सदस्यहरूबाट निक्षेप (बचत) संकलन, कर्जा प्रवाह र नेपाल राष्ट्र बैंकको स्वीकृति लिई विप्रेषण भुक्तानी सेवा समेत प्रदान गर्न सकिने रहेको छ ।

**(२) प्रयोग भएको वा गरिने प्रविधि :**

लघुवित्त वित्तीय संस्था सेवा प्रदायक कम्पनी भएकोले माथि खण्ड (१) मा उल्लेखित सेवा प्रदान गर्न आवश्यक प्रविधि सम्पन्न रहेको छ ।

**(३) कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र वित्तीय संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार** : सो नभएको ।

**(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र :**

२०७१/०९/०९ गते वित्तीय संस्थाको रुपमा वित्तीय कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट ईजाजतपत्रप्राप्त गरी मिति २०७१/०९/१६ गतेदेखि “घ” वर्गको नेपाल राज्यभर कार्यक्षेत्र भएको राष्ट्रिय स्तरको वित्तीय संस्थाको हैसियतले आफ्नो वित्तीय कारोवार सञ्चालन गर्दै आएको यस वित्तीय संस्थाले आ.व. २०७३/७४ को दोस्रो त्रैमासको अन्तसम्ममा ३९ जिल्लामा आफ्नो सेवा विस्तार गरी त्यस क्षेत्रका ३६,१६९ महिला सदस्यहरूलाई आफ्नो सेवा प्रदान गरेको छ । सो अवधिभित्रमा वित्तीय संस्थाको निक्षेप रू. २१,३३,७७,८५३।२९ र साँवामा बाँकी रहेको कर्जा रू. १,०५,२१,४०,४२०।७९ रहेको छ । यस लघुवित्त वित्तीय संस्थाले आफ्नो छोटो सञ्चालन इतिहासमा ३९ जिल्लामा ५० वटा शाखा कार्यालय स्थापना गरी सेवा प्रदान गर्न सफल भएको छ ।

**(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :**

समय सापेक्ष अनुसार नयाँ उत्पादन तथा सेवाको विकास गरी सम्भाव्य ग्राहकहरूको पहिचान गरेर आफ्नो व्यापार विस्तार गर्ने योजना रहेको छ ।

**(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**

लघुवित्त वित्तीय संस्थाको प्रमुख बजार नेपाल राज्यभर रहेको छ र हरेक वर्गका ग्राहकको आवश्यकता अनुरूप नेपाल राज्यभर नै सेवाहरू उपलब्ध गराउदै लैजाने लघुवित्त वित्तीय संस्थाको लक्ष्य रहेकोछ ।

**(७) उत्पादन/ सञ्चालनक्षमता र सोको उपभोग स्थिति :**

बैंक तथा वित्तीय संस्थामा लामो अनुभव हासिल गर्नु भएको सञ्चालक/व्यवस्थापन दक्षताको आधारमा यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको छोटो समयमा नै वित्तीय बजारको राम्रो हिस्सा ओगट्न र ग्राहकहरूलाई राम्रो सेवा प्रदान गर्न सफल रहेको देखिन्छ ।

**(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता** : सो नभएको ।

**(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :**

बैंक तथा वित्तीय संस्था, शैक्षिक क्षेत्र, सरकारी सेवा उद्योग एवम् व्यापार क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएका सञ्चालक/व्यवस्थापन समूह ग्रहकहरूको गुणस्तरीय सेवा, सुविधा तथा सन्तुष्टिको लागि तत्पर रहेका छन् ।

**(१०) अनुसन्धान तथा विकास :**

नेपालको बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा प्रतिस्पर्धात्मक स्थिति रहेको आजको पृष्ठभूमिमा वित्तीय संस्थाले अनुसन्धान तथा विकासलाई उच्च प्राथमिकता दिई सो कार्यका लागि छुट्टै अधिकृत नियुक्त गरिएको छ । जसले नयाँ सेवाहरूको विकास मात्र नभई हाल प्रदान गरिएका सेवाहरूमा समय सापेक्ष रूपमा आवश्यक परिमार्जनहरू गर्ने नयाँ सेवाहरूको उपयुक्तताका सम्बन्धमा व्यवस्थापनलाई सुझाव उपलब्ध गराउनेछ । साथै वित्तीय संस्थाले ग्राहक वर्गमा नयाँ निक्षेपका योजनाहरू, ग्राहकमुखी सरल कर्जा सुविधा र विश्वसनीय नयाँ नयाँ प्रविधिको प्रयोग गरी आफ्ना ग्राहकहरूलाई प्रतिस्पर्धात्मक एवं गुणस्तरीय सेवा प्रदान गर्ने सोच राखेको छ ।

**(११) विगत १२ महिनाको अवधिमा संस्थाको सञ्चालनमा असर पर्ने गरी भएको वाधा,व्यवधान** : सो नभएको ।

**(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण** : सो नभएको ।

**(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**

बैंकको हैसियतमा केवल करिब २ वर्ष पुरानो लघुवित्त वित्तीय संस्था भएता पनि यस क्षेत्रमा सञ्चालित अन्य बैंक वित्तीय सँस्थाहरूबीच वित्तीय संस्थाको स्थिति मजबुत रहेको छ । स्थापनाको दोश्रो वर्ष देखि सञ्चालन मुनाफामा सञ्चालनमा रहेको यस वित्तीय संस्थाको समान उद्योगहरू बीच प्रतिष्पर्धा भएतापनि आफ्नो छुट्टै पहिचान बनाउन सफल भई बजारमा आफ्नो स्थान ओगट्न सफल भएको छ ।

**(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोवारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण)**: सो नभएको ।

**(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण)** : सो नभएको ।

**ख) सम्पत्तिको विवरण :**

(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :

**स्थिर सम्पत्ति सम्बन्धि विवरण (३१ आषाढ २०७३)**

| विवरण | सम्पत्ति | | | | | यस वर्ष | गत वर्ष |
|---|---|---|---|---|---|---|---|
| | भवन | परिवहन साधन | मेशिनेरी | कार्यालय सामान | अन्य | | |
| परलमोल | | | | | | | |
| क) गत वर्ष मौज्दात | - | ३,९९४,८८२.०० | - | ७,३७९,५२६.०० | १,००१,८७०.०० | १२,३७६,२७८.०० | - |
| ख) यस वर्ष थप | - | १,८१८,५१२.०० | - | ८,५८५,९६४.०० | ५६६,२५३.०० | १०,९७०,७२९.०० | १२,३७६,२७८.०० |
| ग) यस वर्ष पुर्नमुल्याङ्कन | - | - | - | - | - | - | - |
| घ) यस वर्ष विक्री | - | - | - | - | - | - | - |
| ङ) यस वर्ष अपलेखन | - | - | - | २,४००.०० | - | २४०० | - |
| कुल परलमोल | - | ५,८१३,३९४.०० | - | १५,९६३,०९०.०० | १,५६८,१२३.०० | २३,३४४,६०७.०० | १२,३७६,२७८.०० |
| ह्रासकठ्ठी | | | | | | | |
| क) गत वर्ष | - | ४९३,१६५.०० | - | ५१४,१५०.०० | ३२,८५३.०० | १,०४०,१६८.०० | - |
| ख) यस वर्ष | - | ८२४,२१६.०० | - | २,२७७,३६२.०० | २२८,७५०.०० | ३,३३०३२८.०० | १,०४०,१६८.०० |
| ग) ह्रासकठ्ठी पुर्नमुल्याङ्कन | - | - | - | - | - | - | - |
| घ) ह्रासकठ्ठी रकम समायोजन | - | - | - | ५४९ | - | ५४९ | - |
| कुल ह्रासकठ्ठी | - | १,३१७,३८१.०० | - | २,७९०,९६३.०० | २६१,६०३.०० | ४,३६९,९४७.०० | १,०४०,१६८.०० |
| वुक भ्यालु | - | ४,४९६,०१३.०० | - | १३,१७२,१२७.०० | १,३०६५२०.०० | १८,९७४,६६०.०० | ११,३३६,११०.०० |
| जग्गा | - | - | - | - | - | - | - |
| पुँजीगत निर्माण | - | - | - | - | - | - | - |
| लीज होल्ड सम्पत्ती | - | - | - | - | - | - | - |
| जम्मा | - | ४,४९६,०१३.०० | - | १३,१७२,१२७.०० | १,३०६,५२०.०० | १८,९७४,६६०.०० | ११,३३६,११०.०० |

**(ख) बुँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नुपर्ने)**: उक्त बुँदामा उल्लेखित सम्पत्ति वित्तीय संस्थाको आफ्नै हो ।

**(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण**: सो नभएको ।

**(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण**: लघुवित्त वित्तीय संस्थाको सम्पूर्ण सम्पत्ति वास्तविक खर्चको हिसावमा कायम गरिएको छ ।

**(ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरिका सम्बन्धी विवरण**:

परलमोलमा नियमानुसार गर्नुपर्ने ह्रास कट्टी गरी लेखामान अनुसार बाँकी रहेको वास्तविक सम्पत्तीलाई सम्पत्तीको रूपमा राखिएको छ र सोको पुनर्मूल्यांकन गरिएको छैन ।

**ग) भावी योजना तथा रणनीति :**

**(क) व्यवसाय/सेवाको बृद्धिकालागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिकालागि चालिने समयवद्ध रणनीति**:

लघुवित्त वित्तीय संस्थाले आफ्नो व्यवसाय/सेवाको वृद्धिकालागि चाल्ने भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति निम्नानुसार छन् ।

- आगामी दिनहरूमा आफ्ना शाखा विस्तारमा थप जोड दिने ।
- वित्तीय संस्थाले आफ्नो शाखा विस्तारको हिसावले निक्षेप संकलन तथा कर्जा प्रवाह गर्नेछ ।
- भविष्यमा समेत ग्राहकहरूबाट माग भए बमोजिमका सेवा सुविधाहरू आफ्ना ग्राहक वर्गमा ल्याउन प्रयत्नरत रहेको छ ।
- सेवा ग्राहीको संख्यामा वृद्धि गर्दै लगिने छ ।

**(ख) प्रतिष्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको व्यवसायको भविष्य :**

देशको बैंकिङ्ग क्षेत्रमा हाल प्रतिष्पर्धा अत्याधिक रहेको छ र सोही कारणले गर्दा यस वित्तीय संस्थाले आफ्नो उल्लेख्य क्षेत्र ओगट्न विभिन्न रणनीतिका साथ अघि बढेको छ । वर्तमान आर्थिक, राजनैतिक र बैकिंङ्ग प्रतिष्पर्धा बीच सफलताका साथ अगाडी बढ्न वित्तीय संस्थाले आफ्ना सेवा तथा कार्यक्रममा भिन्नता, शाखा विस्तारमा बैंक नभएका अर्ध शहरी र ग्रामीण क्षेत्रमा जोड, आधुनिक तथा प्रविधियुक्त बैंकिङ्ग सेवा जस्ता रणनीति अवलम्वन गरेर अगाडी बढी रहेको छ । उल्लेखित रणनीतिको कारण वित्तीय संस्था आफ्ना लगानीमा रहेको जोखिमहरू कम गर्न सक्षम रहेको छ र भविष्यमा वित्तीय क्षेत्रमा एक भिन्न क्षेत्र ओगट्ने कुरामा दृढ रहेको छ ।

**घ) सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था**

**क) संचालक समितिको संरचना, संचालकहरुको योग्यता र प्रतिनिधित्व तथा संचालक हुनुको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :**

लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम २७(२) मा भएको व्यवस्था अनुसार ५ (पाँच) जना सञ्चालक रहेको एक सञ्चालक समिति देहायबमोजिम हुनेछ ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरूको समूहबाट मनोनित वा निर्वाचित | ३ (तिन) जना |
| सर्वसाधारण शेयरधनीहरूको प्रतिनिधित्व गरी निर्वाचित | १ (एक) जना |
| स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक | १ (एक) जना |

सञ्चालकहरूको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।

**संचालक हुनुको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था :**

यस लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार लघुवित्त वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० (एकसय) कित्ता शेयर लिएको हुनुपर्नेछ । तर स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

**४. पूँजी संरचना सम्बन्धी जानकारी :**

**(क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

- **अधिकृत पूँजी** : यस लघुवित्त वित्तीय संस्थाको अधिकृत पूँजी रू. २०,००,००,०००।- (अक्षरेपी बीस करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रू.१००/- का दरले २०,००,००० (बीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
- **जारी पूँजी** : यस लघुवित्त वित्तीय संस्थाको तत्काल जारी पूँजी रू.१०,००,००,०००।- (अक्षरेपी दश करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रू.१००।- का दरले १०,००,००० (दश लाख) थान शेयरमा विभाजन गरिएको छ ।
- **चुक्ता पूँजी** : यस लघुवित्त वित्तीय संस्थाको संस्थापकहरूबाट तत्काल चुक्ता पूँजी रू. ७,००,००,०००।- (अक्षरेपी सात करोड मात्र) रहेको छ जसलाई रू.१००/- का दरले ७,००,००० (सात लाख) थान शेयरमा विभाजन गरिएको छ । यस विवरणपत्र मार्फत सर्वसाधारणलाई रू. ३,००,००,०००।- (अक्षरेपी तीन करोड मात्र) रकम बराबरको शेयरको निष्काशन पश्चात् लघुवित्त वित्तीय संस्थाको चुक्ता पूँजी रू. १०,००,००,०००।- (अक्षरेपी दश करोड मात्र) हुनेछ ।

- **अधिकृत, जारी तथा चुक्ता पूँजीमा भईआएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण** : सो नभएको ।

**(ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी प्रतिशत (%) | चुक्ता रकम | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरू | ७,००,००० | ७० | ७,००,००,००० | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरू (कर्मचारी सहित) | ३,००,००० | ३० | ३,००,००,००० | " |
| | **जम्मा** | **१०,००,०००** | **१००** | **१०,००,००,०००** | **शतप्रतिशत** |

**(ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात्)**

निष्काशित शेयर प्रिमियममा नभई अंकित मूल्यमा जारी गरिएको हुँदा शेयर प्रिमियम खाताको आवश्यकता नरहेको ।

**५. संस्थापक/सञ्चालक सम्बन्धी जानकारी :**

**क) संस्थापक/सञ्चालकको पृष्ठभूमि:**

(क) आधारभूत शेयरधनीहरू तथा सञ्चालकहरूको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव :

**- आधारभूत शेयरधनीहरुको विवरण:**

| क्र.सं. | नाम | पद | उमेर(वर्ष) | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव र प्रस्तावित व्यापार/व्यवसायमा अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री युनाईटेड डिष्ट्रिब्युटर्स (नेपाल) प्रा. लि. | आधारभुत शेयरधनी | लागु नहुने | लागु नहुने | काठमाण्डौ -११ थापाथली | ७५,००० | लागु नहुने | लागु नहुने |
| २. | श्री ग्लोबल ट्रेडिङ्ग कन्सर्न प्रा. लि. | आधारभुत शेयरधनी | लागु नहुने | लागु नहुने | काठमाण्डौ -१ जमल | ४०,००० | लागु नहुने | लागु नहुने |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३. | श्री पुजा ईन्टरनेशनल नेपाल प्रा.लि. | आधारभुत शेयरधनी | लागु नहुने | लागु नहुने | काठमाण्डौ -३ पानीपोखरी | ५०,००० | लागु नहुने | लागु नहुने |
| ४. | श्री प्रुडेन्सियल क्यापिटल म्यानेजमेण्ट कम्पनी प्रा. लि. | आधारभुत शेयरधनी | लागु नहुने | लागु नहुने | काठमाण्डौ - २२ खिचापोखरी | ७५,००० | लागु नहुने | लागु नहुने |
| ५. | श्री लाईफ केयर डिष्ट्रिब्युटर्स प्रा.लि. | आधारभुत शेयरधनी | लागु नहुने | लागु नहुने | काठमाण्डौ - ३३ ज्ञानेश्वर | १००,००० | लागु नहुने | लागु नहुने |
| ६. | श्री एशियन डिष्ट्रिब्युटर्स प्रा.लि. | आधारभुत शेयरधनी | लागु नहुने | लागु नहुने | काठमाण्डौ - १ जमल | १००,००० | लागु नहुने | लागु नहुने |

**– सञ्चालकहरुको विवरण :**

| क्र. सं. | नाम | पद | उमेर | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (सम्बन्धित वा अन्य) |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री लालमणी जोशी | अध्यक्ष | ६१ | नेपाली | सित्तड गा.वि.स. बैतडी | ५,००० | स्नातकोत्तर तह | १) इमर्जिङ नेपाल लि.(नेपाल सरकारको समेत लगानी रहेको) मा विगत १ वर्ष देखि अध्यक्ष भई कार्य गरिरहेको ।<br>२) नविल बैंक लिमिटेडमा संचालक भई कार्य गरेको<br>३) सचिव, नेपाल सरकार सहकारी र गरिवी निवारण मन्त्रालय<br>४) सचिव, वाणिज्य तथा आपुर्ती मन्त्रालय (१ वर्ष ४ महिना)<br>५) सचिव, भूमी सुधार तथा व्यवस्था मन्त्रालय (१ वर्ष ६ महिना)<br>६) सहसचिव, अर्थ मन्त्रालय (२ वर्ष)<br>(नेपाल औद्योगिक विकास निगम, हिमालयन बैंक, विद्युत विकास वोर्ड, नेपाल धितोपत्र वोर्डमा संचालक भई कार्य गर्नुको साथै नेपाल आयल निगम, व्यापार प्रर्वद्धन केन्द्रमा अध्यक्ष समेत रही कार्य गरेको) |
| २. | श्री सुरेश कुमार अग्रवाल | संचालक | ६४ | नेपाली | बुधवारे-९ झापा | १५,००० | स्नातक तह | १) रेशु ग्रुप अफ कम्पनी - प्रेसिडेन्ट (२१ वर्ष)<br>२) केपी सिमेन्ट इन्डष्ट्रिज प्रा. लि.- सञ्चालक (४ वर्ष)<br>३) प्रवन्ध निर्देशक, प्याराडाईज ट्रेडिङ्ग कम्पनी (प्रा) लि, आयात निर्यात व्यवसायमा विगत ५ वर्ष देखी संलग्न । |
| ३. | श्री अशोक कुमार अग्रवाल | संचालक | ५५ | नेपाली | काठमाण्डौ-२ लाजिम्पाट | २२,५०० | स्नातक तह | १) लाईफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. भारतिय जीवन बीमा कम्पनीको संयुक्त लगानीमा स्थापित) मा विगत १४ वर्षदेखि संचालक पदमा कार्य गरिरहेको ।<br>२) बैंक अफ एशिया लि. (हाल एनआइसी एशिया बैंक लि) मा संचालक पदमा रही करिब ४ वर्ष कार्य गरेको ।<br>३) प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लि. मा करिब ५ वर्ष संचालक पदमा रहि कार्य गरेको र हाल उक्त इन्स्योरेन्समा अध्यक्ष भई कार्य गरिरहेको ।<br>४) विशाल ग्रुप लि.मा विगत १५ बर्ष देखि अध्यक्ष तथा प्रबन्ध संचालक भई कार्य गरिरहेको ।<br>५) इमर्जिङ नेपाल लि (नेपाल सरकारको समेत लगानी रहेको) मा विगत १ वर्ष देखि संचालक भई कार्य गरिरहेको । |
| ४. | श्री दिपेश खेतान (अग्रवाल) (प्रतिनिधि- ग्लोवल ईम्पेक्स ईटरनेशनल प्रा.लि.) | संचालक | २९ | नेपाली | त्रिपुरेश्वर-११, काठमाण्डौ | १०,००० | स्नातकोत्तर तह | ग्लोवल केमिकल्स प्रा.लि. ( संचालक (२ वर्ष) |

**स्वदेशी लघुवित्त वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको रुपमा श्री पुण्य प्रसाद खनिया कार्यरत रहनु भएको छ ।** त्रिभुवन वस्ती वडा नं. १, कञ्चनपुरमा स्थायी बसोबास रहनु भएका श्री खनियाले बिई तथा व्यवस्थापन विषयमा एमबिए सम्मको शैक्षिक योग्यता हासिल गर्नुभएको छ । वहाँले विभिन्न बैंक तथा वित्तीय संस्थामा गरी करिब ९ वर्ष भन्दा बढीको बैकिङ्ग तथा लघुवित्त क्षेत्रको कार्यानुभव हासिल गर्नुभएको छ ।

ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण (Profile) र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक ब्यक्ति नखुलेसम्म) :

| क्र.स. | शेयरधनीहरुको नाम | पद |
|---|---|---|
| | **युनाईटेड डिष्ट्रिब्युटर्स (नेपाल) प्रा.लि. ट्रेड टावर, थापाथली, काठमाडौं** | |
| १ | अनुज अग्रवाल, लाजिम्पाट - २, काठमाडौं । | प्रबन्ध सञ्चालक |
| २ | विवेक अग्रवाल, नक्साल - १, काठमाडौं । | सञ्चालक |
| | **ग्लोबल ट्रेडिङ्ग कन्सर्न प्रा.लि., जमल, काठमाडौं** | |
| १ | विशाल अग्रवाल, कमलादी -३१, काठमाडौं । | अध्यक्ष |
| २ | आशिष कुमार अग्रवाल, कमलादी -३१, काठमाडौं । | सञ्चालक |
| | **पुजा ईन्टरनेशनल नेपाल प्रा.लि. पानीपोखरी, काठमाडौं** | |
| १ | विशाल अग्रवाल, कमलादी -३१, काठमाडौं । | प्रबन्ध सञ्चालक |
| २ | निकुञ्ज अग्रवाल, लाजिम्पाट - २, काठमाडौं । | सञ्चालक |
| | **प्रूडेन्सियल क्यापिटल म्यानेजमेण्ट कम्पनी प्रा. लि. खिचापोखरी, काठमाडौं** | |
| १ | अशोक कुमार अग्रवाल, लाजिम्पाट - २, काठमाडौं । | अध्यक्ष |
| २ | मधु अग्रवाल, लाजिम्पाट - २, काठमाडौं । | सञ्चालक |
| ३ | अर्पित अग्रवाल, लाजिम्पाट - २, काठमाडौं । | सञ्चालक |
| | **लाईफ केयर डिष्ट्रिब्युटर्स प्रा.लि. ज्ञानेश्वर, काठमाडौं** | |
| १ | जमुना अग्रवाल, नक्साल - १, काठमाडौं । | अध्यक्ष |
| २ | सौरभ गर्ग, नक्साल - १, काठमाडौं । | सञ्चालक |
| | **एशियन डिष्ट्रिब्युटर्स प्रा.लि. जमल, काठमाडौं** | |
| १ | आशिष कुमार अग्रवाल, कमलादी -३१, काठमाडौं । | अध्यक्ष |
| २ | आदित्य अग्रवाल, कमलादी -३१, काठमाडौं । | सञ्चालक |
| | **ग्लोबल इमपेक्श इन्टरनेशनल प्रा.लि. राधा भवन, त्रिपुरेश्वर, काठमाडौं** | |
| १ | विद्या देवी अग्रवाल, त्रिपुरेश्वर-११, काठमाडौं । | प्रबन्ध सञ्चालक |
| | **अग्रिम इन्टरनेशनल प्रा.लि. त्रिपुरेश्वर, काठमाडौं** | |
| १ | विद्या देवी अग्रवाल, त्रिपुरेश्वर-११, काठमाडौं । | प्रबन्ध सञ्चालक |
| | **कञ्चन डेभलपमेन्ट बैंक लि. कञ्चनपुर, नेपाल** | |
| १. | शिब सिंह कार्की, सित्तड -४, वैतडी | अध्यक्ष |
| २. | जय राम सिंह बोहरा, व्यास -२, दार्चुला | सञ्चालक |
| ३. | खगेश्वर बोहरा, भिमदत्त -४, कन्चनपुर | सञ्चालक |
| ४. | हिक्मत बहादुर शाह, दोगडी -२, बाजुरा | सञ्चालक |
| ५. | जंग बहादुर चन्द, चाँदनी -५, कञ्चनपुर | सञ्चालक |
| ६. | भरत बहादुर रोकया, सुडा - ५, कञ्चनपुर | सञ्चालक |
| ७. | कृष्ण प्रसाद पाठक, भिमदत्त - ४, कञ्चनपुर | सञ्चालक |

**ग) संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

लघुवित्त वित्तीय संस्थाका सञ्चालकहरू आवद्ध रहेका अन्य कम्पनी, संस्था, कोष, संगठन वा फर्महरूको विवरण देहाय अनुसार छ :

| क्र.स. | संचालकको नाम, ठेगाना | आवद्ध रहेको संस्थाको नाम,ठेगाना |
|---|---|---|
| १ | श्री लालमणी जोशी | इमर्जींङ नेपाल प्रा. लि., थापाथली, काठमाडौं । |
| २ | श्री सुरेश कुमार अग्रवाल | रेशु ग्रुप अफ कम्पनी, न्यूरोड, काठमाडौं । |
| ३ | श्री अशोक कुमार अग्रवाल | लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि, नक्साल, काठमाडौं ।<br>प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड, कमलादी, काठमाडौं ।<br>विशाल ग्रुप लि., थापाथली, काठमाडौं ।<br>इमर्जींङ नेपाल प्रा. लि., थापाथली, काठमाडौं ।<br>प्रुडेन्सियल क्यापिटल म्यानेजमेण्ट कम्पनी प्रा. लि., खिचापोखरी, काठमाडौं ।<br>कमला रोलिङ्ग मिल्स प्रा. लि., मेनरोड, विराटनगर ।<br>मैनावती स्टिल इन्डष्ट्रीज प्रा. लि. मेनरोड, विराटनगर । |
| ४ | श्री दिपेश खेतान<br>(प्रतिनिधि) (ग्लोवल ईम्पेक्स ईटरनेशनल प्रा.लि.) | ग्लोबल केमिकल्स् प्रा.लि., त्रिपुरेश्वर,काठमाडौं । |

**(घ) संस्थापक/सञ्चालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

क) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृती नलिई लघुवित्त वित्तीय संस्थाको शेयर कुनै विदेशी बैंक वा वित्तीय संस्थालाई विक्री वा हस्तान्तरण गरिने छैन ।

ख) नेपाल राष्ट्र बैंकको पूर्वस्वीकृती नलिई संस्थापक र सर्वसाधारण समूहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न पाइने छैन ।

ग) लघुवित्त वित्तीय संस्थाले कारोवार सञ्चालन गरेको पाँच वर्ष नपुगेसम्म सो संस्थाको संस्थापकले आफ्नो शेयर बिक्री वा धितोबन्धक राख्न पाउनेछैन र उक्त अवधिपछि त्यस्तो शेयर बिक्री गर्दा वा धितोबन्धक राख्नुपर्दा नेपाल राष्ट्र बैंकले तोकेको शर्तको अधिनमा रही त्यस्तो शेयर बिक्री गर्न वा धितोबन्धक राख्न सक्नेछ । यस व्यवस्था बमोजिम वित्तीय संस्थाले कारोवार संचालन गरेको पाँच वर्ष नपुगेता पनि वित्तीय संस्थाको संचालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हुन गएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापकहरूका बीचमा शेयर खरीद बिक्री गर्न सकिनेछ । तर त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा वा बिक्री गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरीद गर्न चाहेमा निजले धारण गरेको अनुपातमा वितरण गर्नुपर्नेछ ।
कुनै संस्थापक शेयरधनीले शेयर लिने ईच्छा नगरेमा मात्र त्यस्तो शेयर नेपाल राष्ट्र बैंकको स्वीकृति लिई सञ्चालक समितिको निर्णय बमोजिम अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिनेछ ।

घ) कुनै संस्थापक शेयरधनीको मृत्यु भएमा वा प्रचलित कानून बमोजिम पारिवारिक अंशवण्डा भएमा वा अदालतको आदेशले निजको शेयर हकवालामा नामसारी हुने भएमा खण्ड (ग) को बन्देज लागू हुने छैन ।

ङ) सर्वसाधारणले शेयर खरीद गर्दा १० अंकले भाग गर्दा शेष नरहने गरी न्यूनतम ५० कित्ता शेयरको लागि र अधिकतममा १० (दश) अङ्कको गुणन संख्यामा १ हजार ५ सय कित्ता बराबरको रू. १ लाख पचास हजारसम्मको अधिकतम शेयरका लागि आवेदन दिन सक्नेछन् । तर हकप्रद शेयर र वोनस शेयरको हकमा यो वन्देज लागू हुने छैन ।

च) लघुवित्त वित्तीय संस्थाका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा लघुवित्त वित्तीय संस्थाको व्यवस्थापन तथा लेखासम्बन्धी कार्यमा प्रत्यक्ष रूपले संलग्न व्यक्तिले त्यस्तो पदमा वाहाल रहँदाको बखत वा त्यस्तो पदवाट अवकास प्राप्त गरेको कम्तीमा एक वर्षसम्म लघुवित्त वित्तीय संस्था वा यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरीद बिक्री गर्न गराउन गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेन देन गर्नु हुँदैन । तर, नयाँ शेयर जारी गरेको अवस्थामा यो प्रतिवन्ध लागु हुने छैन ।

छ) कसैले खण्ड (च) विपरित काम गरेमा त्यस्तो शेयर लघुवित्त वित्तीय संस्थाले जफत गर्नेछ र त्यसरी जफत भएको शेयर संचालक समितिले उचित ठहऱ्याएको किसिमबाट विक्री बितरण गर्न सक्नेछ ।

ज) शेयर खरीद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी कानून, धितोपत्र कारोवार सम्वन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ । धितोपत्र सार्वजनिक निष्काशन गर्न सक्ने गरी संस्थापित संगठित संस्थाका सर्वसाधारण बाहेक अन्य समूह (संस्थापक र अन्य समूह) ले लिएको सेयर संगठित संस्थाले सार्वजनिक निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले तीन वर्षको अवधि पूरा नभई बिक्री गर्न पाईने छैन ।

**(ख) संस्थापक/सञ्चालकसँगको कारोवार:**

**(क) संगठित संस्थाबाट कुनै संस्थापक/सञ्चालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेको वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए वापत लघुवित्त वित्तीय संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण:**

लघुवित्त वित्तीय संस्थाको सञ्चालकहरूले सञ्चालक समितिको बैठक भत्ता बाहेक अन्य कुनैपनि संस्थापक वा सञ्चालकले यस संस्थाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैर आर्थिक) प्राप्त गरेका छैनन् र सो सम्बन्धमा लघुवित्त वित्तीय संस्थाले संस्थापक वा सञ्चालकबाट कुनै सम्पत्ति वा सेवा समेत प्राप्त गरेको छैन ।

**(ख) बुँदा (क) मा उल्लेखित वस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका:** सो नभएको ।

**६. सीमित दायित्व सम्बन्धी विवरण :**

यस वित्तीय संस्था कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अन्तर्गत सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यस वित्तीय संस्थाको शेयरधनीहरूको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सिमित रहनेछ ।

**७. संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :**

**क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण:**

**(क) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले गरेको कामको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।**

| क्र.सं. | कर्मचारीको नाम | पद | योग्यता | नियुक्ति मिति | पहिले गरेको कामको अनुभव | शेयर संख्या |
|---|---|---|---|---|---|---|
| १. | श्री पुण्य प्रसाद खनिया | प्रमुख कार्यकारी अधिकृत | एम. बि. ए. र बि.ई | २०७१/०८/०१ | - प्रमुख कार्यकारी अधिकृत, रिलायवल लघुवित्त वित्तीय संस्था (२ वर्ष)<br>- सहायक प्रवन्धक, मालिका विकास बैंक (४ वर्ष)<br>- अधिकृत, मञ्जुश्री फाईनान्स कम्पनी (१ वर्ष)<br>- योजना प्रवन्धक, सुविसु केवलनेट प्रा. लि (५ वर्ष) | - |
| २. | श्री राजेन्द्र प्रसाद शर्मा न्यौपाने | प्रमुख बिजनेस अधिकृत | एम.बि.ए | २०७३/०३/०१ | - अधिकृत, नेपाल ग्रामीण विकास बैंक लिमिटेडमा अधिकृत स्तरमा कार्य गरेको (१९ वर्ष)<br>- उवा अनुसन्धान परियोजना (USAID) (२ वर्ष) | - |
| ३. | श्री श्रीधर गौतम | प्रमुख सञ्चालन विभाग | एम.बि.एस | २०७२/०७/१२ | - वरिष्ठ अधिकृत, क्यापिटल मर्चेन्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. (५ वर्ष)<br>- सुपरभाईजर/जुनियर अधिकृत, बागेश्वरी विकास बैंक (३ वर्ष)<br>- प्रवन्धक, सहकारी वित्तीय संस्था लिमिटेड (६ महिना)<br>- कार्यक्रम अधिकृत, नेपालगंज उद्योग व्यापार संघ (२ वर्ष ६ महिना) | - |
| ४. | श्री अशोक सुवेदी | प्रमुख-वित्त विभाग | सिए | २०७२/०६/१३ | - चार्टड एकाउन्टेन्ट, एपेक्स डेभलपमेन्ट बैंक लि (१ वर्ष)<br>- आर्टिकल तालिमे, देभिन्दर के. जे. एण्ड एसोसिएटस, भारत (४ वर्ष) | - |
| ५. | श्री नवराज पोखरेल | प्रमुख जनशक्ति तथा सामान्य सेवा विभाग | एमबिएस | २०७१/०७/१८ | - लेखापाल, NGO (NRDSC) (३ वर्ष)<br>- शाखा प्रबन्धक, नेरूडे लघुवित्त विकास बैंक लि. (६ वर्ष)<br>- प्रबन्धक, साहारा नेपाल वचत तथा ऋृण सहकारी संस्था (१ वर्ष)<br>- प्रमुख कार्यकारी अधिकृत, सेवा वचत तथा ऋृण सहकारी संस्था (३ वर्ष) | - |

**संगठित संस्थाका कर्मचारीहरु अन्य सूचीकृत संगठित संस्थाको आधारभूत शेयरधनीको रुपमा रहेको वा कर्मचारीहरुले अन्य कुनै संगठित संस्थामा गरेको लगानी सम्बन्धी विवरण**: सो नभएको ।

**(ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ वर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यवस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएको भए सो सम्बन्धी विवरण**: सो नभएको ।

**(ग) कर्मचारीको संख्याः स्थायी, अस्थायी, करार, ज्यालादारी र अन्य (हालसम्मको) :**

| क्र.सं. | कुल कर्मचारी संख्या | स्थायी | परीक्षण काल/अस्थायी | करार* | ज्यालादारी | अन्य |
|---|---|---|---|---|---|---|
| १ | १७९ | १०२ | ३२ | ३८ | | |

नोट : *कर्मचारीहरूका लागि सुरक्षित गरिएको शेयर करारमा कार्यरत कर्मचारीहरूलाई बाँडफाँड नगर्ने व्यवस्था गरिएको छ ।

**ख) सञ्चालक एवं उच्च व्यवस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरणः**

**(क) सञ्चालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता तथा अन्य सुविधाः**

सञ्चालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोके अनुसार देहायबमोजिम रहेको छ :

१. सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षले रू. ५,०००/- र अन्य संचालकले पाउने प्रति बैठक भत्ता रू. ४,०००/- हुनेछ ।

२. वित्तीय संस्थाको कामको सिलसिलमा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम रहेको छ ।

अ) स्वदेशमा वास्तविक खर्च वा बढीमा दैनिक भत्ता रू. ५,०००/-

आ) भारतमा वास्तविक खर्च वा बढीमा दैनिक भत्ता भारू. ५,०००/-

इ) भारत बाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर ११०/-

ई) भ्रमण खर्च बिल बमोजिम हुनेछ ।

अन्य सुविधा साधारण सभाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

**(ख) संगठित संस्थाको उच्च व्यवस्थापकीय तहका तीन जना अधिकृतहरुको नाम, पद र एक आर्थिक वर्षको अवधिभित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकमः**

| क्र.सं. | नाम | पद | पारिश्रमिकको रकम (रु.) (श्रावण १, २०७२ देखि आषाढ ३१, २०७३ सम्म) |
|---|---|---|---|
| १ | श्री पुण्य प्रसाद खनिया | प्रमुख कार्यकारी अधिकृत | रू. २१,१७,०००/- |
| २ | श्री राजेन्द्र प्रसाद न्यौपाने | प्रमुख बिजनेस अधिकृत | रू. ८४,०२१/- |
| ३ | श्री श्रीधर गौतम | प्रमुख सञ्चालन विभाग | रू.४,७५,८१२/- |

**ग) कुनै अधिकृत वा सञ्चालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरणः** सो नभएको ।

**ट. अन्तर्निहित जोखिम तथा सोमा व्यवस्थापनकालागि व्यवस्थापनको धारणा :**

अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनकालागि व्यवस्थापनकोा धारणा निम्नानुसार रहेको छ :

**(क) वित्तीय साधनको अभावबाट हुने जोखिम :**

- संस्थामा वित्तीय साधनको अभाव भएको अवस्थामा कर्जा लगानीमा अप्ठ्यारो पर्नसक्ने र ग्राहक सदस्यहरूबाट जम्मा गरिएको निक्षेप रकमको भुक्तानी दिन समस्या पर्नसक्ने जोखिम रहेको ।

**(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम** : सो नभएको ।

**(ग) उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**

- नयाँ लघुवित्त संस्थाहरूको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरू ।
- लघुवित्त वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरू ।
- निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरू ।

**(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost Overrun) को जोखिम :**

- सो नभएको ।

**(ङ) विदेशी विनिमयको जोखिम** : सो नभएको ।

**(च) कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु** : सो नभएको ।

**(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**

- अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरू ।
- पूँजी बजारको अवस्थामा आउने उतार(चढावबाट पर्नसक्ने जोखिमहरू ।

**(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**

- देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरू ।
- देशको वैदेशिक नीतिमा हुनसक्ने परिवर्तनबाट उत्पन्न हुनसक्ने सम्भावित जोखिमहरू ।
- नेपाल सरकार तथा अन्य नियमन निकायहरूको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुनसक्ने सम्भावित जोखिमहरू ।

**(झ) सञ्चालन इतिहासको अभाव :**

- यस वित्तीय संस्थाले आफ्नो कारोवार २०७१/०९/१६ गतेदेखि मात्र सञ्चालन गरेको हुँदा लघुवित्त वित्तीय संस्थाको कारोवार सञ्चालनको इतिहास छोटो रहेको छ ।

**(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :**

- प्रविधि सम्बन्धी परिवर्तनबाट वित्तीय संस्थाको सञ्चालन तथा कारोवार प्रणालीमा अप्रत्याशित जोखिम रहनु स्वभाविक नै हो । वित्तीय संस्थाले प्रयोग गर्ने सफ्टवेयरमा प्रविधिको परिवर्तनबाट आउन सक्ने जोखिम व्यवस्थापनका लागि तथ्याङ्कहरूको सुरक्षार्थ Data Backup मा विशेष सतर्कता अपनाईएको छ र त्यसबाट जोखिमलाई न्यूनिकरण गर्न वित्तीय संस्था सक्षम रहेको छ ।

**(ट) अन्य :**

- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरू ।
- देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरू ।

**उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजनाः**

लघुवित्त वित्तीय संस्थाको कर्जा तथा लगानी खराब भई हुनसक्ने जोखिमहरूको लागि लघुवित्त वित्तीय संस्थाले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गर्नेछ । लघुवित्त वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको साथै क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिमहरू न्यूनीकरण गर्नका लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यावसायिक जोखिमहरूबाट सिर्जना हुनसक्ने हानि-नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानि-नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध छ । त्यस्तै अन्य विभिन्न जोखिमहरू न्यूनीकरणकालागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरूको निर्माण एवम् समयानुसार आफ्नो सेवा तथा सुविधाहरूमा परिवर्तन गर्दै लगिने लघुवित्त वित्तीय संस्थाको नीति रहेको व्यहोरा जानकारी गराउँछौं ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :**

रू. १०० प्रति शेयरको दरले निष्काशन गरिएको शेयरको नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकरण भए पश्चात् धितोपत्र बजारमा हुने कारोवारमा उतार चढाव आउन सक्ने भएकाले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**९. वित्तीय विवरणः**

क) वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषणः

(क) संगठित संस्थाको लेखापरीक्षण भएको पछिल्लो आर्थिक वर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान हिसाब बाँडफाँड र नगद प्रवाह विवरणः

लघुवित्त वित्तीय संस्थाको आ.व. २०७२/०७३ को लेखा परीक्षण भएको तथा साधारण सभाबाट पारित वासलात, नाफा-नोक्सान हिसाब, नाफा-नोक्सान बाँडफाँड हिसाब तथ नगद प्रवाहको विवरण निम्नानुसार छ :-

**वासलात (आषाढ ३१, २०७३)**

| विवरण | रु.हजारमा |
|---|---|
| शेयर पूँजी | ७०,००० |
| जगेडा तथा कोषहरू | ४,५५७ |
| ऋणपत्र तथा बण्ड | - |
| तिर्न बाँकी कर्जा सापट | ७२६,३९४ |
| निक्षेप दायित्व | १२८,३१३ |
| प्रस्तावित नगद लाभांश | - |
| आयकर दायित्व | - |
| अन्य दायित्व | २२,२४८ |
| **कुल पूँजी तथा दायित्व** | **९५१,५१३** |

| सम्पत्ति | रु.हजारमा |
|---|---|
| नगद मौज्दात (सिक्का समेत) | २६२ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - |
| बैंक⁄ वित्तीय संस्थामा रहेको मौज्दात | २०२,४५३ |
| माग तथा अल्प सूचनामा प्राप्त हुन रकम | - |
| लगानी | - |
| कर्जा सापट | ७२८,५८६ |
| स्थिर सम्पत्ति | १८,९७५ |
| गैर बैंकिङ्ग सम्पत्ति | - |
| अन्य सम्पत्ति | १,२३७ |
| **कुल सम्पत्ति** | **९५१,५१३** |

**नाफा-नोक्सान हिसाब (श्रावण १,२०७२ देखि आषाढ ३१ २०७३)**

| विवरण | रु.हजारमा |
|---|---|
| ब्याज आम्दानी | ९४,८६८ |
| ब्याज खर्च | २७,३८३ |
| **खुद ब्याज आम्दानी** | **६७,४८५** |
| कमिशन तथा अन्य सञ्चालन आम्दानी | ९,१६७ |
| सटही घटबढ आम्दानी | - |
| **कुल सञ्चालन आम्दानी** | **७६,६५२** |
| कर्मचारी खर्च | ३२,७५४ |
| अन्य सञ्चालन खर्च | १९,६६२ |
| सटही  घटबढ नोक्सान | - |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **२४,२३६** |
| सम्भावित नोक्सानी व्यवस्थाहरू | १३,६३१ |
| सञ्चालन मुनाफा | १०,६०५ |
| गैर सञ्चालन आम्दानी⁄खर्च | - |
| सम्भावित नोक्सानी व्यवस्थावाट फिर्ता | ८,६७३ |
| **नियमित कारोवारहरुवाट भएको मुनाफा** | **१९,२७८** |
| असामान्य कारोवारवारवाट भएको आम्दानी⁄खर्च | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुदमुनाफा** | **१९,२७८** |
| कर्मचारी बोनस व्यवस्था | १,७५३ |
| आयकर व्यवस्था | २,०१४ |
| यस वर्षको कर व्यवस्था | २,५२६ |
| विगत वर्षसम्मको कर व्यवस्था | - |
| यस वर्षको स्थगन कर आम्दानी (खर्च) | (५१२) |
| **खुद नाफा/ (नोक्सान)** | **१५,५१२** |

## नाफा-नोक्सान बाँडफाँड हिसाब-श्रावण १,२०७२ देखि आषाढ ३१ २०७३)

| विवरण | रु.हजारमा |
|---|---|
| **आम्दानीः** | |
| गत वर्षसम्मको संचित मुनाफा | - |
| यस वर्षको मुनाफा (नोक्सान) | १५,५१२ |
| सटही घटवढ कोष | - |
| **जम्मा** | **१५,५१२** |
| **खर्चः** | |
| गत वर्षसम्मको संचित नोक्सान | १०,९५४ |
| यस वर्षको नोक्सान | - |
| साधारण जगेडा कोष | ३,१०२ |
| भैपरी आउने जगेडा | - |
| संस्था विकास कोष | - |
| लाभांश समिकरण कोष | - |
| कर्मचारी सम्बन्धी जगेडाहरू | - |
| प्रस्तावित लाभांश | - |
| प्रस्तावित बोनस शेयर | - |
| विशेष जगेडा कोष | - |
| सटही घटवढ कोष | - |
| पूँजी फिर्ता जगेडा कोष | - |
| पूँजी समायोजना कोष | - |
| स्थगन कर जगेडा कोष | २८२ |
| ग्राहक संरक्षण कोष | १५५ |
| **जम्मा** | **१४,४९४** |
| **संचित मुनाफा/(नोक्सान)** | **१,०१८** |

## नगद प्रवाहको विवरण (श्रावण १,२०७२ देखि आषाढ ३१, २०७३)

| क्र.सं. | विवरण | रु हजारमा |
|---|---|---|
| **(क)** | **कारोबार संचालनबाट नगद प्रवाह** | **९५,७३३** |
| १. | नगद प्राप्ति | १०४,०३५ |
| १.१. | ब्याज आम्दानी | ९४,८६८ |
| १.२. | कमिशन तथा अन्य आम्दानी | ९,१६७ |
| १.३. | अपलेखित कर्जाको असुली | - |
| **२** | **नगद भुक्तानी** | **७२,०५३** |
| २.१ | व्याज खर्च | २४,९८८ |
| २.२ | कर्मचारी खर्च | २८,६०६ |
| २.३ | कार्यालय संचालन खर्च | १५,९९१ |
| २.४ | आयकर भुक्तानी | २,४६८ |
| २.५ | अन्य खर्च | - |
| | **कार्यगत पुंजि गतिविधि अघिको नगद प्रवाह** | **३१,९८२** |
| | **सञ्चालन सम्वन्धि चालू सम्पत्तिमा कमी/(वृद्धि)** | **(४९४,०२४)** |

| | | |
|---|---|---|
| १. | माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि) | - |
| २. | अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि) | - |
| ३. | कर्जामा कमी/(वृद्धि) | (४९५,८१७) |
| ४. | अन्य सम्पतिमा कमी/(वृद्धि) | १,७९३ |
| | सञ्चालन सम्वन्धि चालु दायित्वमा (कमी)/वृद्धि | ५५७,७७५ |
| १. | निक्षेप दायित्वमा (कमी)/वृद्धि | १११,३५१ |
| २. | अल्पकालीन सापटीमा (कमी) /वृद्धि | ४३८,९९७ |
| ३. | अन्य दायित्वमा (कमी)/वृद्धि | ७,४२७ |
| **(ख)** | **लगानी कारोवारमा नगद प्रवाह** | **(१०,९६८)** |
| १ | दीर्घकालीन लगानीमा कमी/(वृद्धि) | - |
| २ | स्थीर सम्पतिमा कमी/(वृद्धि) | (१०,९६८) |
| ३ | दीर्घकालीन लगानीमा व्याज आम्दानी | - |
| ४ | लाभांश आम्दानी | - |
| ५ | अन्य | - |
| **(ग)** | **वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | - |
| १. | दीर्घकालीन ऋण (वण्ड, डिवेन्चर आदि) मा वृद्धि/(कमी) | - |
| २ | शेयर पूँजीमा वृद्धि/(कमी) | - |
| ३. | अन्य दायित्वमा वृद्धि/(कमी) | - |
| ४. | नेपाल राष्ट्र बैंकवाट प्राप्त सहुलियत/पुनरकर्जामा वृद्धि/(कमी) | - |
| **(घ)** | **नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरक** | **-** |
| **(ङ)** | **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | **८४,७६४** |
| **(च)** | **नगद तथा बैंकमा रहेको शुरु मौज्दात** | **११७,९५१** |
| **(छ)** | **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **२०२,७१६** |

**(ख) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण :**

लघुवित्त वित्तीय संस्थाले आफ्नो कारोवार २०७१/०९/१६ गतेदेखि प्रारम्भ गरेको हो । लघुवित्त वित्तीय संस्थाको विगत दुई वर्ष देखिको लेखापरीक्षकबाट प्रमाणित तथा आ.व. २०७३/२०७४ को दोस्रो त्रैमासिक (पौष मसान्त) को व्यवस्थापनबाट प्रमाणित वासलात र नाफा नोक्सानको वित्तीय विवरण देहाय बमोजिम रहेको छ ।

**वासलात**

| पूँजी तथा दायित्व | वास्तविक (रु. हजारमा) | | पौष मसान्त |
|---|---|---|---|
| | २०७१/०७२ | २०७२/०७३ | २०७३/०७४* |
| शेयर पूँजी | ७०,००० | ७०,००० | ७०,००० |
| जगेडा तथा कोषहरू | (१०,९५४) | ४,५५७ | १८,१३७ |
| ऋणपत्र तथा बण्ड | - | - | - |
| तिर्न बाँकी कर्जा सापट | २८७,३९८ | ७२६,३९४ | १,०६४,४४७ |
| निक्षेप दायित्व | १६,९६१ | १२८,३१३ | २१३,३७८ |
| प्रस्तावित नगद लाभांश | - | - | - |
| आयकर दायित्व | - | - | ५,८२० |
| अन्य दायित्व | ४,१७१ | २२,२४८ | ५८,५०९ |
| **कुल पूँजी तथा दायित्व** | **३६७,५७६** | **९५१,५१३** | **१,४३०,२९१** |

| सम्पति | वास्तविक (रु. हजारमा) | | पौष मसान्त |
|---|---|---|---|
| | २०७१/०७२ | २०७२/०७३ | २०७३/०७४* |
| नगद मौज्दात (सिक्का समेत) | १४ | २६२ | ८०४ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | - | - | - |
| बैंक/ वित्तीय संस्थामा रहेको मौज्दात | ११७,९३७ | २०२,४५३ | ३३८,८९८ |
| माग तथा अल्प सूचनामा प्राप्त हुन रकम | - | - | - |
| लगानी | - | - | - |
| कर्जा सापट | २३७,७२७ | ७२८,५८६ | १,०५२,१४० |
| स्थिर सम्पत्ति | ११,३३६ | १८,९७५ | २१,८५२ |
| गैर बैंकिङ्ग सम्पत्ति | - | - | - |
| अन्य सम्पत्ति | ५६२ | १,२३७ | १६,५९७ |
| **कुल सम्पत्ति** | **३६७,५७६** | **९५१,५१३** | **१,४३०,२९१** |

## नाफा नोक्सान हिसाव

| सम्पति | वास्तविक (रु. हजारमा) | | पौष मसान्त |
|---|---|---|---|
| | २०७१/०७२ | २०७२/०७३ | २०७३/०७४* |
